## हेटौंडा उपमहानगरपालिकाको २२ औं नगरपरिषद् समक्ष प्रमुख एवं कार्यकारी अधिकृत

## श्री कृष्ण प्रसाद पाण्डेबाट प्रस्तुत आ.व.२०७३।०७४ को संशोधन र आ.व.२०७४।०७५ को नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट

यस हेटौडा उपमहानगरपालिकाको २२ औं नगरपरिषदबाट स्विकृत आ.व.२०७३।०७४ संसोधित आय व्यय र आ.व.२०७४।०७५ को नीति कार्यक्रम तथा आय व्यय अनुमान सार्वजनिकिकरण कार्यक्रमका

प्रमुख अतिथि माननीय पर्यटन राज्य मन्त्रीज्यू,

बिशिष्ट अतिथि माननीय सांसदज्यूहरु,

बिशिष्ट अतिथि श्रीमान क्षेत्रीय प्रशासक ज्यू

विशेष अतिथि श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू

विशेष अतिथि नेपाल नगरपालिका संघका अध्यक्षज्यू,

विशेष अतिथि स्थानीय बिकास अधिकारीज्यू

जिल्ला स्थित क्रियाशील राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

आमन्त्रित विभिन्न कार्यालय प्रमुखज्यूहरु, सरकारी तथा गैर सरकारी निकाय एवं संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी एवं उपस्थित महानुभावहरु,

हेटौडा उपमहानगरपालिकाको २१ औं नगर परिषदबाट स्विकृत चालु आ.व.२०७३।०७४ को संसोधित आय व्यय र आगामी आ.व.२०७४।०७५ को आय व्यय अनुमान, नीति तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा सर्वप्रथम नेपाल राष्ट्रको स्थापना, निर्माण, प्रजातन्त्र, लोकतन्त्र हुदै संघीय गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

यसै गरी २२ औ.नगरपरिषदको संघारमा वृहत्तर हेटौडाको परिकल्पना अनुसार बिबिध चुनौती र अपार अवसर सहित क्षेत्र बिस्तार र उपमहानगरपालिका तहको स्तरवृद्धि सम्मको यात्रामा सहयोग गर्नु हुने सम्पूर्ण राजनीतिक दल, पेशागत एवं सामाजिक संघसंस्था, नागरिक समाज, संचारकर्मी सहित सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आजको यस गरिमामय सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका प्रमुख अतिथि, बिशिष्ट अतिथि, बिशेष अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा हेटौडा उपमहानगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**आदरणीय महानुभावहरु,**

स्थानीय निकायहरुमा लामो समयदेखि जनप्रतिनिधि विहिनताको अवस्था बीच क्षेत्र बिस्तार र उपमहानगरपालिका तहमा स्तरोन्नति भएको वर्तमान परिवेसमा उपलब्ध सीमित श्रोत साधनहरुको अधिकतम परिचालन गरी वढ्दो शहरीकरण तथा जनताको असीमित माग सम्वोधन गर्न सिंगो उपमहानगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहांहरु समक्ष जानकारी गराउन चाहन्छु । वर्तमान सन्दर्भमा उपलब्ध सिमित श्रोत साधनबाट नगरवासीहरुको असिमित चाहना तथा मागहरुलाई सम्वोधन गर्ने क्रममा उत्पन्न हुने कठीन चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न राजनैतिक दलहरुबाट प्राप्त निरन्तर सहयोग र समन्वयकारी भूमिका महत्वपूर्ण रहेको छ । यस गरिमामय सभा समक्ष हेटौडा उपमहानगरपालिकाको तर्फबाट चालु आ.व.२०७३।०७४ को संशोधन तथा आगामी आ.व.२०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा आय व्यय अनुमान प्रस्तुत गर्न पाउदा म कार्यकारी अधिकृत लगायत राजनीतिक दलसहित सिंगो हेटौडा उपमहानगरपालिका परिवार गौरवान्वित भएका छौ । यस अवसरमा सम्पूर्ण हेटौडावासीमा उपमहानगरपालिकाको तर्फबाट हार्दिक वधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

**आदरणीय महानुभावहरु,**

नगरपालिका स्थापना भएको करीव ४ दशक पछि वृहत्तर हेटौडाको परिकल्पना सहित औद्योगिक बिकास, शिक्षा बिकास र आवास क्षेत्रलाई समग्र आर्थिक बिकासको अग्रणी क्षेत्र स्विकार गरी तर्जुमा गरिएको **"स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगर"** को लक्ष्य सहितको २० बर्षे दिर्घकालिन योजना तर्जुमा भई बनेको हेटौडा नगरको पहिलो ५ बर्षे आवधिक योजना ( २०६९।०७० देखि २०७३।०७४) को हामी अन्तिम बर्षमा छौ । यस योजनाले आत्मसात गरेको बहुक्षेत्रगत लगानी Multi Sector Investment Plan MSIP अवधारणा अनुसार नगरको सन्तुलित बिकासका लागि आयोजना तथा कार्यक्रमहरु तर्जुमा गर्दा रणनीतिक, क्षेत्रगत र वडातह गरी तीन वर्गमा वर्गिकरण गरिएको जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

तत्कालिन हेटौडा नगरपालिकाको दिर्घकालिन सोच सहितको पहिलो आवधिक योजना (२०६९।०७० देखि २०७३।०७४) ले हेटौडालाई वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** उद्यमशीलता र शैक्षिक बिकासको दृष्टिकोणबाट **सृजनशील** र उत्पादन तथा व्यवसायको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक उपमहानगर** बनाउने पांच वर्षीय लक्ष्य २०७१ मंसिरमा अर्थात तीन बर्षमा नै पूरा भएको छ । यसले स्वभाविक रुपमा केही चुनौतीका साथै पर्याप्त अवसरहरुको ढोका पनि खोलिदिएको छ ।

नगरपालिकाको क्षेत्र बिस्तार र उपमहानगरपालिका तहमा स्तरवृद्धि २०७१ सालमा भएतापनि बजेट, नीति तथा कार्यक्रमको दृष्टिकोणबाट चालु आ.व.देखि मात्र एकिकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा आएको छ । यस तथ्यलाई मध्यनजर गरी हेटौडा उपमहानगरपालिकाको आगामी आ.व.२०७४।०७५ का लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बृहत्तर हेटौंडाको अवधारणा अनुरुप स्वच्छ सफा, सुरक्षित र मानवीयताको शहर निर्माणका लागि आधारभूत तथा रणनीतिक पूर्वाधारहरुको योजनाबद्ध बिकास, आन्तरिक तथा वाह्य श्रोत परिचालन, सार्वजनिक निजी साझेदारी अन्तर्गत निजी श्रोत परिचालन, औद्योगिक तथा उद्यम बिकास, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेसी विकास, आर्थिक बिकासका लागि शीप तथा आयमूलक गतिविधिहरुको माध्यमबाट रोजगारी सृजना, गरीवी न्युनिकरण, सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गर्ने जस्ता क्षेत्रहरुलाई नै निरन्तरता सहित प्राथमिकतामा राखिएको व्यहोरा यस गरिमामय समारोहमा जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

बृहत्तर हेटौंडा (Greater Hetauda) को अवधारणा अनुसार साविक हेटौडा तथा बिस्तारित क्षेत्रको दीर्घकालिन विकासको संभावनालाई समेटेर तर्जुमा गरिएको **बृहत्तर हेटौडाको दीर्घकालीन योजना (Perspective plan)** को मध्यावधि समिक्षा सहित विस्तारित उपमहानगरको भूसूचना प्रणालीमा आधारित नक्सांकन, वालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, जेष्ठनागरिकमैत्री, अल्पसंख्यक यौनिक विशेषता भएका समुदायमैत्री सहित सन्तुलित आर्थिक, सामाजिक एवं भौतिक बिकासको माध्यमबाट उत्कृष्ट मानवीयताको शहर निर्माणका लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय बिकास मन्त्राललयबाट जारी भएको **वृहत शहरी बिकास योजना** (Comprehensive Town Development Plan CTDP) सम्बन्धी कार्य विवरण अनुसार हेटौडा उपमहानगरपालिकाको वृहत शहरी बिकास योजना तर्जुमा गर्ने क्रममा रहेको र नया संविधान अनुसार स्थानीय तहको पुनसंरचना सम्बन्धी काम अगाडी वढिरहेको संक्रमणकालिन परिस्थितिमा नेपाल सरकारबाट समय समयमा भएको मार्गनिर्देशन समेतको आधारमा गत बर्ष सम्पन्न २१ औं नगरपरिषदबाट चालु आ.व.२०७३।०७४ का लागि स्विकृत नीति तथा कार्यक्रममा समसामयिक परिमार्जन सहित संलग्न **शहरी पूर्वाधार तथा भौतिक संरचना बिकास नीति, आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति, आर्थिक तथा सामाजिक बिकास नीति, शुसासन प्रवर्द्धन तथा संस्थागत सुधार नीति तथा कार्यक्र र** प्राथमिकताहरुलाई निरन्तरता दिने गरी स्विकृत नीति तथा कार्यक्रमहरुको प्रभावकारी र परिणाममुखी कार्यान्वयन गर्ने संकल्प सहित गत आ.व.२०७२।०७३ र चालु आ.व.२०७३।०७४ को प्रथम चौमासिक अवधिमा भएका मूख्य मूख्य उपलब्धीको समिक्षा सहित यस अवधिमा नेपाल सरकारको नीति तथा कार्यक्रमका क्षेत्रहरुमा आएको परिवर्तन र यस उपमहानगरपालिकाको आन्तरिक तथा वाह्य आयमा देखिएको प्रवृति समेतको आधारमा चालु आ.व.२०७३।०७४ को संसोधित आय व्यय अनुमान र आगामी आ.व.२०७४।०७५ को आय व्यय अनुमान, प्रस्ताव गरिएका मूख्य मूख्य आयोजना तथा कार्यक्रम सहितको बजेट प्रस्तुत गर्न अनमति चाहन्छु ।

**आदरणीय महानुभावहरु**

गत २०७२ पौष २४ गते सम्पन्न यस उपमहानगरपालिकाको २१ औं नगरपरिषदबाट तत्कालिन परिवेसलाई मध्यनजर गरी चालु आ.व.२०७३।०७४ का लागि आन्तरिक आय तर्फ रु.१० करोड ४८ लाख र बाहृय आय तर्फ रु २३ करोड १८ लाख २४ हजार र न्युन आय रु.९ करोड ७० लाख सहित कूल रु.४३ करोड ३६ लाख २४ हजारको आय व्यय स्विकृत गरिएको थियो ।

यस अवधिमा नगरपालिकाको आन्तरिक राजश्व परिचालनमा भएको सुधार, नेपाल सरकारले चालु आ.व.२०७३।०७४ को बजेट मार्फत सामाजिक सुरक्षा भत्तामा गरिएको वृद्धि, भुकम्प प्रभावित १४ जिल्लामा प्रति वालवालिका रु.४ हजारका दरले राहत वितरणको घोषणा, नगरपालिकाहरुको न्युनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकनमा दोश्रो स्थान प्राप्त गर्न सफल भएको कारण पूजिगत अनुदानमा भएको बृद्धि जस्ता कारण चालु आ.व.२०७३।०७४ को आयमा भएको परिवर्तनबाट स्विकृत रु.१० करोड ४८ लाखको आन्तरिक आय अनुमानलाई संसोधन गरी आन्तरिक आय तर्फ कूल ११ करोड ६५ लाख ३८ हजारको संसोधित अनुमान गरिएको छ । यसै गरी बाहय आय तर्फ स्विकृत अनुमान रु २३ करोड १८ लाख २४ हजारमा संसोधन गरी रु.४० करोड ८० लाख ३६ हजार र न्युन आय रु.४ करोड ६९ लाख ३ हजार सहित र कूल ***रु ६६ करोड ६८ लाख १५ हजार*** को संसोधित आय व्यय अनुमान गरेको छु ।

यसै गरी बिस्तारित हेटौडा र हालको उपमहानगरपालिका स्तरको सेवा एवं कार्यालय व्यवस्थापनका लागि चालु आ.व.का लागि स्विकृत चालु खर्च रु ८ करोड ७९ लाख ५५ हजारमा करीव १०.९१ प्रतिशत वृद्धि सहित रु.९ करोड ७५ लख ५६ हजार र पूंजीगत एवं कार्यक्रम खर्च तर्फ रु. ५६ करोड ९२ लाख ५९ हजारको संसोधित खर्च बिनियोजन गरिएको छ । उपरोक्त आय व्यय अनुमान वास्तविक आय अनुमानको तुलनामा करीव ४ करोड ६९ लाख ३ हजार न्युन हुन आउछ जसलाई थप आन्तरिक आय तथा वाहृय आय परिचालन गरी पूर्ति गर्ने रणनीति प्रस्ताव गरिएको छ । यसरी हेर्दा चालु आ.व.को संसोधित आय व्यय अनुमान गत वर्ष स्विकृत आय अनुमान भन्दा ५३.७७ प्रतिशत अर्थात करीव २३ करोड ३१ लाख ९१ हजारले वृद्धि रहेको छ ।

यसरी चाालु आ.व.को आय व्यय अनुमानमा ठूलो वृद्धि हुनुमा भुकम्प प्रभावित १४ जिल्लाका वालवालिकाको लागि युनिसेफ नेपालबाट प्रतिव्यक्ति रु.४ हजारका दरले उपलब्ध गराएको राहत, सामाजिक सुरक्षाभत्तामा भएको सत प्रतिशत वृद्धि, नेपाल सरकारबाट उपमहानगरपालिकाको लागि गरिएको पूंजिगत अनुदानमा वृद्धि र आन्तरिक आयमा आएको सुधार नै मूल कारण रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु**

आगामी आ.व.२०७४।०७५ को आय व्यय अनुमान प्रस्तुत गर्नु भन्दा अघि गत आ.व.२०७२।०७३ र चालु आ.व.२०७३।०७४ को प्रथम चौमासिक अवधिमा भएका कामहरुको वारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक ठान्दछु । यस अवधीमा भौतिक पूर्वाधार निर्माण तथा सुधार तर्फ विस्तारित क्षेत्रको पदमपोखरी ठूलो छयोयलिंग गुम्वा जाने सडक ढलान, हटिया चिसापानी अशोकवाटिकाटोल हुदै त्रिभुवन मा.वि.वर्रावोट सम्मको सडक स्तरोन्नति, चुरियाक्षेत्रको रातोमाटे भोर्ले शिखरपानी सडक स्तरोरन्नति, वसामाडी क्षेत्रको लेवट लेकपानी सडक स्तरोन्नति गर्ने काम सम्पन्न भएको छ भने साविकको नगर भित्रको पारिजातपथ थाहाचोक देखि बन बिज्ञान जोड्ने सडकचोकसम्मको सडक स्तरोन्नति, राममन्दिरचोकबाट भुटनदेवी मन्दीर जाने सडक स्तरोन्नति गर्ने काम सम्पन्न भएको छ भने कान्तिलोकपथ देखि कभडहल सम्म सडकपेटी सहित स्तरोन्नति गर्ने कामहरु सम्पन्न हुने क्रममा रहेको छ । यसै गरी सौय उर्जामा आधारित सडकबत्ति प्रर्वद्धन कार्यक्रम अन्तर्गत प्रथम चरणमा नगरका बिभिन्न १७ वटा टोल बिकास तथा अन्य सार्वजनिक क्षेत्रका सडकमा करीव १२८ थान सौर्य सडकवत्ती जडान गर्ने कार्य सम्पन्न भएको छ । यसै गरी वृहत हेटौडाको चक्रपथको ६३ कि.मि.मध्ये हर्नामाडी, हटिया र चुरियामाई क्षेत्रमा ट्रयाक खोल्न वांकी काम सम्पन्न भएको छ । यसै गरी सडक मर्मत तथा स्तरोन्नति तर्फ वडा नं.६ रिंगरोड, वडा नं. ७ र ८ को सिमामा रहेको कर्णावतीपथ, कालिकापथ, श्रीदेवी रोड, पुरानो राप्तीरोड, शहीद स्मारक, गर्दोही सडक, पुष्पलालपार्क रोड, वुद्धपथ लगायतका सडक खण्ड मर्मत तथा स्तरवृद्धि गर्ने काम सम्पन्न भएको छ ।

यसै गरी **हाम्रो हेटौडा सफा हेटौडा कार्यक्रम** अर्न्तगत परिक्षणको रुपमा कार्यान्वयनमा ल्याएको जैविक फोहरका लागि हरियो रंगको डष्टविन (Green Channel) अजैविक फोहरका लागि निलो डष्टविन (Blue Channel) र मेडिकल तथा अस्पतालहरबाट निस्कने खतराजन्य फोहरका लागि रातो डष्टविन (Red Channel) अर्थात **रंगमा आधारित श्रोत वर्गिकरण र वारमा आधारित संकलन अभियान** वडा नं.२ र ३ मा ९५ प्रतिशत सफल छ भने हेटौडालाई देशकै सफा शहर घोषणा गराउन सफल भएको छ । निजी सेवा प्रदायक संस्था **ग्रिन एण्ड क्लिन सिटी सर्भिसेज प्रा.लि.**संगको साझेदारीमा संचालित यस अभियान गत आ.व.मा वडा नं.४ को ३५ सय घरधुरीमा सफलतापूर्वक कार्यान्वयमा ल्याइएको थियो भने यस बर्ष नगरक्षेत्रका ६० मेडिकल तथा प्रयोगशाला र ८ निजी अस्पतालहरुमा यो अभियान लागु गरिएको छ । यसै तथ्यलाई मध्यनजर गरी चालु आ.व.मा वडा नं.५ का अधिकांश क्षेत्र, वडां.१० को सवै क्षेत्र र वडा नं. १ भैरवडांडा वाहेकका सवै क्षेत्रमा अभियान बिस्तार गरी आगामी आ.व.वडा नं.६ को चौघडा, वडा नं.११ को नवलपुर, वडा नं.१४ को पदमपोखरी, वडा नं.१७ को रातोमाटे, वडा नं.२९ को वस्तीपुर जस्ता बजार केन्द्रहरुमा बिस्तार गर्ने गरी कार्यक्रम स्विकृत गरिएको छ । यसका लागि निजी सेवा प्रदायक संस्थाको क्षमता सुधारमा प्राविधिक तथा अन्य संभव सहयोग गर्ने कार्यक्रम रहेको छ ।

यसै गरी नेपाल सरकारको घोषित कार्यक्रम अनुसार प्लाष्टिक झोला तथा प्लाष्टिक कपलाई बिस्थापित गर्न वैकल्पिक उपायका सम्बन्धमा कार्यदल बनाई बिभिन्न सरोकारवालाहरुवीच बिभिन्न चरणमा छलफल अन्तरक्रिया पछि केही माछामासु व्यवसाय र साना तथा खुद्रा व्यवसाय तर्फ केही वैकल्पिक व्यवस्थापनका काम भइरहेको, बिकल्पको लागि **व्यानर टु व्याग**, कागज तथा कपडाको झोला, कागजको थुंगा उत्पादन सम्बन्धी शीपमूलक तालीम एवं उद्यम बिकास जस्ता पूर्व तयारी सम्बन्धी कामहरु सम्पन्न भइसकेको हुंदा मकवानपुर उद्योग वाणिज्य संघ लगायतका मूख्य सरोकारवालाहरुको सहकार्यमा चालु निकट भविष्यमा नै प्लाष्टिक झोला तथा गिलासको आयात निर्यात, बिक्रि बितरण र उपयोगमाथी बन्देज लगाइने छ । यसै गरी अजैविक फोहरको पुन वर्गिकरण गरी औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोगयोग्य बनाउने उद्देश्यले निर्माण गरिएको कन्भेयर वेल्ट प्रणाली सहितको संयन्त्र अविलम्व संचालनमा ल्याइनेछ भने जैविक फोहरबाट कम्पोष्ट उत्पादन, प्रयोगमा नरहेका बिद्युतीय तथा अन्य सामाग्रीको संकलन तथा व्यवस्थापनका लागि प्रदशनीकक्ष निर्माण, कागजजन्य फोहरको पुन प्रयोगका लागि **पेपर टु पेन्सील** जस्ता कार्यक्रमहरु चालु आ.व.मा कार्यान्वयनमा ल्याइनेछ ।

नेपाल सरकारको शहरी बिकास नीतिमा भएको परिवर्तन अनुसार साविकको आवधिक योजनाको स्थानमा वृहत शहरी बिकास योजना (Comprehensive Town Development Plan) तर्जुमा गर्नगर्ने नीतिगत मार्गदर्शन र यसका लागि LGCDP अन्तर्गत सशर्त पूंजिगत अनुदानको समेत व्यवस्था गरिएकोले तत्कालिन हेटौडा नगरलाई **"स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगर"** को लक्ष्य सहितको २० बर्षे रणनीतिक योजना र पहिलो ५ बर्षे आवधिक योजना (२०६९।०७० देखि २०७३।०७४) को मध्यावधि समिक्षा सहित वालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, जेष्ठनागरिकमैत्री, पूर्ण सरसफाइयुक्त, सामाजिक न्यायसंग सन्तुलित, आर्थिक, सामाजिक एवं भौतिक बिकासका माध्यमबाट उत्कृष्ट मानवीयताको शहर निर्माणका लागि वृहत शहरी बिकास योजना तर्जुमा गरिनेछ ।

**आदरणीय महानुभावहरु**

अव म आगामी आ.व.२०७४।०७५ को लागि आन्तरिक आय अनुमान गर्दा बिस्तारित क्षेत्रको श्रोत साधनको परिचालनको अवस्था र वाहृय आय अनुमान गर्दा नेपाल सरकारबाट प्राप्त हुने चालु तथा पूजिगत अनुदान समेतको बिश्लेषणलाई आधार बनाई आय व्यय अनुमान प्रस्ताव गरिएको छ । जस अनुसार आन्तरिक आय तर्फ रु. १२ करोड ७१ लाख ७० हजार र बाहय आय तर्फ रु.४१ करोड ९ लाख ४३ हजार सहित **कूल रु.६४ करोड १९ लाख ६९ हजारको** आय व्यय अनुमान प्रस्तुत गरेको छु जुन यर्थाथ आय अनुमानको तुलनामा रु.१० करोड न्युन देखिन्छ । यसै गरी व्यय तर्फ चालु खर्च रु १० करोड ३२ लाख ६९ हजार र पूजीगत एवं कार्यक्रम खर्च तर्फ रु ५३ करोड ८७ लाख बिनियोजन प्रस्ताव गरिएको छ । यसरी न्युन हुने बजेट थप आन्तरिक श्रोत परिचालन, अन्तर मन्त्रालय एवं बिकास साझेदारहरु तथा निजी क्षेत्रसंगको साझेदारी प्रर्वद्धन गरी पूरा गर्ने लक्ष्य राखिएको छ ।

चालु आ.व.को संसोधित आय व्यय अनुमान भन्दा आगामी आ.व.को आय व्यय अनुमान करीव २ करोड ४८ लाख ४६ हजार कम देखिन्छ । यसको मूल कारणमा चालु आ.व.मा भुकम्प अति प्रभावित १४ जिल्लाका वाल वालिकाहरुका लागि युनिसेफ

नेपालको तर्फबाट वितरणका लागि निकासा भएको रु.५ करोड १८ लाख ४८ हजार रकम प्रमुख रहेको छ जुन आगामी आ.व.देखि प्राप्त हुने अवस्था छैन । समग्रमा उपमहानगरपालिकाको आन्तरिक तथा वाहय आयको दृष्टिकोणबाट आगामी आ.व.२०७४।०७५ पनि सशक्त र सवल रहेको तथ्य समेत स्मरण गराउन चाहन्छु ।

आगामी बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको चालु त्रिवर्षीय योजना, शहरी बिकास नीति, सरकारको तर्फबाट समय समयमा जारी नीतिगत मार्गनिर्देशन, जिल्ला आवधिक योजना तथा **वृहत्तर हेटौंडा**को अवधारणा सहितको आवधिक योजनाले परिकल्पना गरेको लक्ष्य प्राप्तीका लागि नेपाल सरकारले कार्यान्वयनमा ल्याएको स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ तथा नगरपालिकाले सन्तुलित बिकासका लागि अगाडी सारिएको वडागत वर्गिकरणलाई आधार बनाई आन्तरिक तथा वाह्य श्रोत साधनको बिनियोजन र प्राथमिकता निर्धारण गर्ने कार्यलाई यथावत रुपमा निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

**आदरणीय महानुभावहरु**

आगामी आ.व.२०७४।०७५ का लागि बिनियोजित रु.६४ करोड १९ लाख ६९ हजार खर्च मध्ये चालु खर्च रु.१० करोड ३२ लाख ६९ खर्च कटाई वांकी रु.५३ करोड ८७ लाखमा ऋणको सावा व्याज भुक्तानी, सामाजिक सुरक्षा भत्ता, गत आ.व.को दायित्व, समपूरक तथा अन्य कोष, नियमित तथा आकस्मिक सेवा संचालन खर्च तथा अन्य सशर्त पूंजिगत कार्यक्रम तर्फको कूल खर्च रु.३८ करोड १३ लाख ६९ हजार खर्च र आयोजना व्यवस्थापन खर्च कटाइ वांकी हुन आउने रु. १५ करोड २६ लाख १० हजार रकमलाई नेपाल सरकारबाट जारी भएको स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९ बमोजिम १०० प्रतिशत कायम गरी श्रोत वांडफांड गरिएको छ । जस अनुसार ६५ प्रतिशत अर्थात रु.९ करोड ९१ लाख ९७ हजार नगरपालिकाको स्विकृत आवधिक योजना अनुसार क्षेत्रगत पूंजिगत लगानीको लागि प्रस्ताव गरेको छु ।

पूंजिगत खर्चको गरी ३५ प्रतिशत अर्थात रु.५ करोड ३४ लाख १३ हजार लक्षित क्षेत्रमा बिनियोजन गरिएको छ । लक्षित क्षेत्रमध्ये महिला तर्फ १० प्रतिशत अर्थात रु.१ करोड ५२ लाख ६१ हजार, वालवालिका तर्फ १० प्रतिशत अर्थात रु.१ करोड ५२ लाख ६१ हजार, र आदीवासी, जनजाति, दलित, मधेशी, मुस्लिम, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, पिछडिएका वा पछाडी पारिएका वर्गका लागि १५ प्रतिशत अर्थात रु.२ करोड २८ लाख ९१ हजार बिनियोजन गरिएको छ । यसरी लक्षित क्षेत्रमा बिनियोजन भएको बजेटलाई लक्षित क्षेत्र पूर्वाधार बिकासमा ६० प्रतिशत, सामाजिक तथा आर्थिक बिकासमा १५ प्रतिशत, आर्थिक तथा शीप बिकासमा २० प्रतिशत र संस्थागत बिकासमा ५ प्रतिशत बिनियोजन प्रस्ताव गरिएको छ । यसरी लक्षित क्षेत्र पूर्वाधार बिकासका लागि बिनियोजित रकम वस्तीस्तरीय योजना कार्यक्रम तर्फका भौतिक पूर्वाधार आयोजना तथा कार्यक्रम तर्फ ९५ प्रतिशत र नगरस्तरीय आयोजना तथा कार्यक्रम तर्फ ५ प्रतिशत बजेट विनियोजन गरिएको छ भने वांकी ४० प्रतिशत रकम लक्षित क्षेत्रको आर्थिक, सामाजिक, शीप तथा क्षमता बिकास र संस्थागत बिकासमा बिनियोजन गरिएको छ ।

यसै गरी पूंजिगत लगानीका लागि बिनियोजित ६५ प्रतिशत रकम अर्थात रु.९ करोड ९१ लाख ९७ हजार मध्ये ६५ प्रतिशत अर्थात रु.६ करोड ४४ लाख ७८ हजार क्षेत्रगत लगानी र ३५ प्रतिशत अर्थात रु.३ करोड ४७ लाख १८ हजार प्रवर्द्धनात्मक क्षेत्रमा खर्च बिनियोजन गरेको छु । यसै गरी क्षेत्रगत लगानीका लागि बिनियोजित रु.६ करोड ४४ लाख ७८ हजार मध्ये रणनीतिक योजनाका लागि ३ प्रतिशत अर्थात रु.१६ लाख ११ हजार, नगरस्तरीय योजनाका लागि ४० प्रतिशत अर्थात रु.२ करोड ५७ लाख ९१ हजार, वडा तथा वस्तीस्तरीय योजनाका लागि ५५ प्रतिशत अर्थात रु.३ करोड ५४ लाख ६२ हजार र आकस्मिक कार्यक्रम तथा आयोजनाहरका लागि ३ प्रतिशत अर्थात रु.१६ लाख ११ हजार रकम बिनियोजन गरिएको छ । यसै गरी प्रर्वद्धनात्मक क्षेत्रमा छुटिएको ३५ प्रतिशत अर्थात रु.३ करोड ४७ लाख १८ हजार रकम मध्येबाट १५ प्रतिशत अर्थात रु.५२ लाख ७ हजार वडा तथा वस्तीस्तरीय आयोजना तथा कार्यक्रम तर्फ बिनियोजन गरिएको छ । यसै गरी लक्षित क्षेत्र अन्तर्गत पूर्वाधारका लागि छुटिएको ६० प्रतिशत, प्रर्वद्धन क्षेत्रबाट १५ प्रतिशत र क्षेत्रगत लगानी तर्फको ५५ प्रतिशत गरी कूल रु.७ करोड २५ लाख वडा तथा वस्तीस्तरीय साना आयोजना तथा कार्यक्रमहरुमा बिनियोजन गरिएको छ । यो लगानीबाट बिस्तारित क्षेत्रका वडा तथा समुदायस्तरका योजना तथा कार्यक्रमहरुका लागि न्युनतम ७५ लाख देखि अधिकतम १ करोडको हाराहारीमा लगानी पुग्नेछ । यसबाट आयोजना तथा कार्यक्रमको छनौट र प्राथमिकिरण गर्ने काममा प्रत्यक्ष लाभान्वित वर्गको सहभागिताको अवसरको प्रत्याभूति हुने बिश्वास गरिएको छ ।

यसै गरी नगरस्तरीय योजना तथा कार्यक्रमका लागि बिनियोजित ४० प्रतिशत अर्थात रु.२ करोड ५७ लाख ९१ हजार मध्ये सन्तुलित बिकासको अवधारणा अनुसार नगरस्तरीय मझौला भौतिक बिकास तर्फ ५५ प्रतिशत अर्थात रु.१ करोड ४१ लाख ८५ हजार, पूंजि निर्माण सहित आर्थिक बिकास तर्फ १२.५ प्रतिशत अर्थात रु ३२ लाख २३ हजार, वातावरण संरक्षण तथा सरसफाई तर्फ १० प्रतिशत अर्थात रु २५ लाख ७९ हजार, जोखिम तथा विपद न्युनिकरण तथा व्यवस्थापन तर्फ ५ प्रतिशत अर्थात रु १२ लाख ८९ हजार, बित्तीय व्यवस्थापन तर्फ ७.५ प्रतिशत अर्थात रु १९ लाख ३४ हजार र संस्थागत बिकास तर्फ १० प्रतिशत अर्थात रु २५ लाख ७९ हजार बजेट बिनियोजन गरिएको छ ।

यसै गरी प्रर्वद्धनात्मक क्षेत्रका लागि छुटिएको कूल रकम रु ३ करोड ४७ लाख १८ हजार मध्ये वस्तीस्तरको लागि छुत्याइएको १५ प्रतिशत अर्थात रु.५२ लाख ७ हजार कटाई वांकी रहेको ८५ प्रतिशत अर्थात रु.२ करोड ९५ लाख ११ हजार मध्ये पारदर्शिता तथा सूचना प्रविधि प्रवर्द्धनका तर्फ १० प्रतिशत अर्थात रु २९ लाख ५१ हजार, शिक्षा क्षेत्रको प्रर्वद्धनका लागि ३५ प्रतिशत अर्थात रु.१ करोड ३ लाख २८ हजार, जनस्वास्थ्य प्रर्वद्धनका लागि १६ प्रतिशत अर्थात रु ४७ लाख २१ हजार, युवा तथा खेलकुद बिकासका लागि १० प्रतिशत अर्थात रु २९ लाख ५१ हजार, पर्यटन क्षेत्र बिकासका लागि १४ प्रतिशत अर्थात रु

४१ लाख ३१ हजार, साहित्य,कला, संस्कृति संरक्षणका लागि ४ प्रतिशत अर्थात रु ११ लाख ८० हजार, अध्ययन अनुसन्धान र वैदेशिक सम्पर्क र समन्वयका लागि ३ प्रतिशत अर्थात रु ८ लाख ८५ हजार र अन्य प्रर्वद्धनात्मक कार्यक्रमका लागि ७.५ प्रतिशत अर्थात रु २२ लाख १३ हजार बजेट बिनियोजन गरिएको छ जसबाट सामाजिक क्षेत्रका प्राय सवै क्षेत्रको प्रर्वद्धनमा सकारात्मक प्रभाव पुग्ने अपेक्षा गरिएको छ ।

आगामी आ.व.२०७४।०७५ का लागि वडा तथा वस्तीयस्तरीय योजनाहरुको हकमा वडा भेलाबाट छनौट भई प्राथमिकिकरण भई आएका आयोजना तथा कार्यक्रमहरुलाई वडागत वजेट सिमाको आधारमा कार्यान्वयन सूचीकृति गरी कार्यान्वयनमा ल्याइनेछ भने वजेट सिमा भन्दा वाहिर रहेका आयोजना तथा कार्यक्रमहरुलाई वैकल्पिक सूचीको रुपमा सूचीकृत गरी श्रोत जुटेको खण्डमा कार्यान्वयन गर्ने नीति लिइएको छ । यसै गरी नगर पूर्वाधार बिकास कार्यक्रम अन्तर्गत वडा नं.१० वसपार्क स्थित तरकारी तथा फलफुल बजारको अल्पकालिन व्यवस्थापन परियोजना, वडा नं.२ लोकप्रियचोक देखि मानसचोक सम्मको सडकलाई फुटपाथपेटी र हरियाली सहित सडकस्तरोन्नती, वाइपास सडकको मर्मत सहित स्तरोन्नति, पदमपोखरीको सिघ्रेनी वन समिति भवन नजिकबाट वनस्पति सडक स्तरोन्नती, चुरियामाई वडा नं.१७ र १८ को फारलाइन सडक स्तरोन्नति, हटियाको वडा नं.२०,२१,२२ को पुरानो फारलाईन सडक स्तरोन्नति, हर्नामाडी वडा नं.२३,२४,२५ का सडकस्तरोन्नति र वसामाडी जम्वु चौतारा देखि वैराटार जाने सडक स्तरोन्नति जस्ता आयोजनाहरु कार्यान्वयन गरिनेछ । यसै गरी नगरस्तरीय ठूला आयोजना तथा कार्यक्रमहरुमा वडा नं.४ कर्मचारी संचय कोष पछाडीको भैरवरोड र वासुदेव सभागृह सडकको वीचखण्ड कालोपत्रे, वडा नं.५ पिप्लेचोक, सचेतटोल सितानगर हुदै मक्रान्चुली सडक स्तरोन्नति, हटिया र हर्नामाडी क्षेत्र, चुरिया र पदमपोखरी र वसामाडी क्षेत्रका लागि नगरस्तरीय ११ वटा ठूला आयोजना कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ भने साविकका १ देखि ११ सम्मका लागि वडाभेलाबाट सिफारिस भएका आयोजनाहरुलाई ठूला आयोजना अन्तर्गत कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ । यसै गरी सडक मर्मत सम्भार अन्तर्गत नगरक्षेत्रका बिभिन्न सडकखण्डको मर्मत सुधारका कार्यक्रमहरु संचालनमा ल्याउने प्रस्ताव गरिएको छ ।

यसै गरी लक्षित क्षेत्र अन्तर्गत आर्थिक तथा सामाजिक बिकास क्षेत्रमा गरिएको बिनियोजित बजेटबाट आर्थिक तथा सामाजिक बिकास, शीप तथा क्षमता बिकास र संस्थागत बिकास तर्फ बिभिन्न कार्यक्रमहरु तर्जुमा गरिएको छ र ती कार्यक्रमहरु सम्बन्धित क्षेत्रका अति बिपन्न र सेवाअपेक्षी वर्ग समुदाय समेतको सहभागिता रहने गरी परिणामुखी कार्यान्वयन गर्ने प्रस्ताव गरेको छु ।

रणनीतिक योजनाका लागि छुट्याइएको ३ प्रतिशत बजेटबाट दिर्घकालिन प्रभाव दिने खालका अध्ययन अनुसन्धान गर्नु पर्ने प्रकृतिका आयोजनाहरु प्रस्ताव गरिएका छन जस अन्तर्गत नगर यातायात गुरुयोजनाले सिफारिस गरिएको क्षेत्रीय वसपार्कको संभाव्यता अध्ययन र प्रान्तीय बिश्वबिद्यालय स्थापना सम्बन्धी वस्तुस्थिति बिश्लेषण सहितको बिस्तृत अध्ययन जस्ता आयोजना तथा कार्यक्रमहरु प्रस्तावित गरिएका छन । वासुदेव सभागृह, वहृत कृषि उपज बजार केन्द्र, वसपार्क क्षेत्रमा व्यवसायिक भवन तथा पशुवधस्थल, तरकारी तथा फलफुलको थोक बजार केन्द्र जस्ता आयोजनाहरु सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नीजी तथा संस्थागत क्षेत्रको लगानी प्रर्वद्धनका लागि पहल गर्ने प्रस्ताव गरिएको छ ।

यस वाहेक विगतका नगरपरिषदको निर्णय अनुसार जिल्ला तथा केन्द्रमा सिफारिस भई कार्यान्वयनमा आइसकेका वाहेकका सवै आयोजना तथा कार्यक्रमहरु, यस बर्ष वडा भेला तथा अन्य निकायहरुबाट जिल्ला तथा केन्द्रमा सिफारिसका लागि निर्णय भई आएका सवै मझौला तथा ठूला आयोजनाहरु मध्ये जिल्ला परिषदका लागि सिफारिस भएका आयोजना तथा कार्यक्रमहरु इलाका भेला मार्फत जिल्ला परिषदमा र केन्द्रमा समावेश गर्नको लागि सिफारिस भएका आयोजना तथा कार्यक्रमहरु इलाकाभेला तथा जिल्ला परिषद मार्फत राष्ट्रिय योजनामा समावेश गर्ने गरी सिफारिस गरिएको छ ।

**आदरणीय महानुभावहरु**

अन्त्यमा यस उपमहानगरपालिका घोषणा भएको दिन मंसिर १६ लाई आगामी वर्ष देखि भव्य रुपमा उपमहानगरपालिका स्थापना दिवस मनाउने प्रस्ताव यहा समक्ष प्रस्तुत गर्दै यस गरिमामय कार्यक्रममा उपमहानगरपालिकाको तर्फबाट प्रस्तुत गरिएको नीति, कार्यक्रम तथा बिनियोजित बजेट वृहत्तर हेटौडाको दिर्घकालिन लक्ष्य अनुरुप हेटौंडा उपमहानगरको आधारभूत तथा रणनीतिक भौतिक पूर्वाधार लगायत समग्र आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने बिश्वास लिएको छु । साथै उपमहानगरपालिकाको प्रस्तावित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा राय उपलब्ध गराई सहयोग पु-याउनु हुने राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी तथा गैरसरकारी निकाय, सामाजिक एवं पेशागतग संघ संस्था, संचारकर्मी, नागरिक समाज र उपमहानगरपालिकाका सम्पूर्ण कर्मचारी लगायत आभार व्यक्त गर्दै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि म र मेरो भन्ने भावनाबाट माथी उठेर हामी र हामी सवैको लागि भन्ने मान्यता आत्मसात गरी अगाडी वढ्न सरोकारवाला सवैसंग अनुरोध गर्दै सवैक्षेत्रबाट सदा झै पूर्ण सहयोगको अपेक्षा सहित धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

मिति : २०७३ पौष २८ गते विहिवार ।